राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

सवारी साधनमा भिडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

दुर्घटनाबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : २५२ ।। २०७९ कार्तिक १६ गते बुधबार (2nd Nov 2022 Wednesday) **Pratidin** National Daily dNo-?÷%÷-

ओलीप्रति झापाका आदिवासीहरु सचेत

बिर्तामोड(प्रस) । आदिवासी जनजाति समुदायप्रति सकारात्मक धारणा नराखेको आरोप लागेका एमाले अध्यक्ष केपी ओलीले छक्याउँदै आएकाले यसपटकको निर्वाचनमा झापाका आदिवासी जनजातिहरु सचेत देखिएका छन् । लखनपुरमा रहेको आदिवासी रंगशालाको नामकरणलाई लिएर ओलीले छक्याएपछि जिल्लाका आदिवासी जनजातिहरु झस्किएका हुन् । विगतमा आदिवासी रंगशाला भनेर नामकरणपछि शिलान्यास समेत भइसकेको अबस्थामा त्यसलाई उल्ट्याउँदै ओलीले मदन भण्डारी रंगशालाको बखेडा झिकेपछि आफूहरु उनीप्रति विश्वस्त बन्न नसकेको नेपाल आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष पाण्डवलाल चौधरीले बताए । एमाले अध्यक्ष ओली स्वयंले आदिवासी रंगशाला हुन नदिएको अबस्थामा एमालेबाट प्रदेशसभा निर्वाचनका उम्मेदवार हिक्मतकुमार कार्कीले यस निर्वाचनमा त्यसलाई आदिवासी रंगशालाकै रुपमा विकास गर्ने चुनावी प्रतिवद्धता जनाएका छन् । एमालेका उम्मेदवार कार्कीको त्यस प्रतिवद्धतालाई आदिवासीहरुले पत्याउन नसकिरहेको चौधरीले बताए । 'यसपटकको निर्वाचनमा कति धेरै कन्भिन्स गर्न सक्नुहुन्छ उहाँको व्यवहारले देखाउँछ 'उनले भने,' हामी उहाँबाट आशा गर्न सक्छौं, भरोसा गर्न सक्दैनौं । 'आगामी मंसिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका उम्मेदवार हरुसंग आदिवासी अधिकारका विषयमा गर्न लागिएको प्रतिवद्धता खोज्ने कार्यक्रमका विषयमा जानकारी दिन मंगलवार महासंघले पत्रकार सम्मेलन गरेको थियो । नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) झापाले झापाका पाँचै वटा निर्वाचन क्षेत्रका उम्मेदवारसँग अन्तरक्रिया गर्ने भएको छ । महासंघले कात्तिक १७ गतेदेखि आदिवासी जनजातिका हक अधिकारका विषयलाई समेटेर उनीहरुसँग अन्तरक्रिया गर्ने भएको हो । महासंघले पाँचै वटा क्षेत्रका प्रतिनिधिसभा, प्रदेश सभाका प्रत्यक्ष एवम् समानुपातिकतर्फ दलीय र स्वतन्त्र उम्मेदवारहरुसँग अन्तरक्रिया गर्न लागिएको पत्रकार सम्मेलनमा महासंघका उपाध्यक्ष केवलराम राईले जानकारी दिए । संविधानले आदिवासी जनजातिको अधिकार सुनिश्चित गरे पनि कार्यान्वयनमा नआएको, अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को १६९ मा उल्लेख भएका आदिवासी जनजातिका कुराहरुको बेवास्ता गरिएको लगायतका आदिवासी जनजातिसँग जोडिएका स्थानीय र राष्ट्रिय मुद्दाहरुलाई समेटेर जितेर गएपछि सोको कार्यान्वयनका लागि प्रतिबद्धता लिने मुख्य उद्देश्य रहेको जनाइएको छ । महासंघका अध्यक्ष चौधरीले झापा ६५ प्रतिशत जनसंख्या आदिवासी रहे पनि आदिवासीको मुद्दा ओझेलमा परेको दाबी गरे । 'आदिवासीको धर्म, भाषा, लिपी, संस्कार संस्कृति लोप हुँदै गएको छ', उनले भने, 'त्यसको संरक्षण राज्यबाट हुन सकेको छैन, आदिवासीको माग सम्बोधन हुन जरुरी छ ।' महासंघले कुनै पनि दलको उम्मेदवारलाई काखापाखा नगर्ने तर आदिवासी जनजातिको मुद्दामा प्रतिबद्धता लिने उद्देश्यले अन्तरक्रिया गर्न लागिएको जनाइएको छ । झापा क्षेत्र नं. १ मा १७ गते काँकरभिट्टामा, २ मा १९ गते बिर्तामोडमा, ३ मा २० गते भद्रपुरमा, ४ मा २३ गते सुरुङ्गामा र झापा क्षेत्र नं ५ मा २२ गते पाडाजुँगी (कमल ५) मा हुने आयोजकले जनाएको छ । महासंघ झापा अध्यक्ष चौधरीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव लक्ष्मण श्रेष्ठले गरेका थिए ।

राष्ट्रिय फुटबल टिमको प्रशिक्षकमा झापाका कटुवाल

झापा(प्रस)। अखिल नेपाल फुटबल संघ (एन्फा) ले पाकिस्तानविरुद्ध हुन लागेको एक अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबलका लागि नेपाली राष्ट्रिय टिमको प्रशिक्षकमा मंगलबार प्रवेश कटुवाललाई नियुक्त गरेको छ ।

एन्फाका अध्यक्ष पंकज नेम्वाङले झापाका कटुवाललाई मंगलबार नियुक्ति पत्र दिएका हुन् । कटुवालको नेतृत्वमा मछिन्द्रले दुई पटक सहिद स्मारक लिग 'ए' डिभिजनको उपाधि जितेको छ । नेपालले पाकिस्तानविरुद्ध दशरथ रंगशालामा कात्तिक ३० मा मैत्रीपूर्ण खेल खेल्दैछ ।

अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाको निलम्बन फुकुवा भएपछि पाकिस्तान अन्तर्राष्ट्रिय फुटबलमा फर्कन लागेको हो । निलम्बन फुकुवायता नेपालविरुद्धको खेल नै पाकिस्तानको पहिलो अन्तर्राष्ट्रिय प्रतिस्पर्धा हुनेछ । फिफाले पाकिस्तानी टोलीलाई २ वर्षभन्दा लामो निलम्बनपछि एक महिनाअघि फुकुवा गरेको थियो ।

एमाले घोषणापत्रमा फेरि पानीजहाज र विद्युतीय रेल !

झापा(प्रस) । नेकपा (एमाले)ले चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । मंगलबार दिउँसो काठमाडौंको याक एण्ड यति होटलमा अध्यक्ष केपी शर्मा ओलीले डिजिटल प्रविधिबाट आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि पार्टीको घोषणापत्र सार्वजनिक गरेका हुन् ।

घोषणापत्रमा पार्टीले अघि सारेको 'समृद्ध नेपालः सुःखी नेपाली'को राष्ट्रिय संकल्पलाई निरन्तरता दिइएको छ । करिब २० हजार शब्द रहेको घोषणापत्रमा मुलुकको समृद्धिका लागि राष्ट्रिय अर्थतन्त्रको निर्माणमा जोड दिइएको छ । घोषणापत्रमा सूर्य चिन्हमा किन मतदान गर्ने भन्ने कुरालाई प्रष्ट् याउने प्रयास गरिएको बताइएको छ। एमालेले आफ्नो घोषणापत्रमा २० वटा विषयमा 'ग्यारेन्टी' गरेको छ । जसमा नेपालीलाई मात्र नागरिकता दिनेदेखि नेपालको अर्थतन्त्र १ सय खर्ब रुपैयाँ पुऱ्याउने लक्ष्य राखेको छ । त्यस्तै दस हजार लिटर पानी निःशुल्क बाँड्नेदेखि ५० युनिट बिजुली निःशुल्क बाँड्ने कुरा पनि एमालेले घोषणापत्रमा उल्लेख गरेको छ ।

त्यस्तै एमालेले नेपालको राष्ट्रिय झन्डासहितको पानीजहाज सञ्चालनमा ल्याउने घोषणापत्रमार्फत प्रतिबद्धता जनाएको छ । त्यस्तै, एमालेले पूर्व-पश्चिम राजमार्गसँग समानान्तर हुनेगरी विद्युतीय रेलमार्ग पनि सञ्चालन गर्ने बताएको छ । घोषणापत्र सार्वजनिक गर्दै ओलीले नेपालको विकासका लागि त्यसको आवश्यकता रहेको पनि बताए । 'छिमेकी मित्र राष्ट्रहरूको सामुद्रिक बन्दरगाह प्रयोग गरी नेपाली झन्डासहितको पानीजहाज सञ्चालनमा ल्याइनेछ । नेपालका प्रमुख नदी हुँदै गंगाबाट कलकत्ता बन्दरगाह र समुद्रसम्मको जल यातायात सञ्चालन गरिने छ,' एमालेको यसपटकको घोषणापत्रमा उल्लेख छ, 'निर्माणाधीन पूर्व-पश्चिम विद्युतीय रेलमार्गको बर्दिबास-निजगढ खण्डको निर्माण कार्य सम्पन्न गरी रेल सञ्चालन गरिने छ, निजगढ बुटवल खण्डको निर्माण कार्य अघि बढाइनेछ, बाँकी भागको जग्गा अधिग्रहण कार्य गरिने छ। रसुवागढी-काठमाडौं रेलमार्ग र वीरगञ्ज-काठमाडौं रेलमार्गको निर्माण प्रक्रिया सरु गरिनेछ। सबै महानगरहरूमा काठमाडौं उपत्यकामा मेट्रो रेल, सहरी केवलकार एवं पड-वे जस्ता आधुनिक परिवहन सेवा सञ्चालनको लागि आवश्यक अध्ययन गरी कार्यान्वयन गरिने छ ।' २०७४ को प्रतिनिधिसभा निर्वाचनका लागि ओलीलाई प्रधानमन्त्री घोषणा गरेर पार्टी एकताको वाचासहित एमाले र माओवादीले घोषणापत्र ल्याएको थियो ।

तत्कालीन एमाले र माओवादी केन्द्रको संयुक्त घोषणापत्रमा 'पूर्व-पश्चिमसँगै मध्यपहाडी पुष्पलाल राजमार्गहरूमा समानान्तर तीव्र गतिका विद्युतीय रेलमार्ग सञ्चालन गरिने' भनिएको थियो । त्यो घोषणापत्रमा काठमाडौं उपत्यकाका चक्रपथहरूमा आवश्यक गतिका रेल सञ्चालन गरिने र अन्य सहरहरूमा मेट्रो र मोनोरेल, ट्राम र अत्याधुनिक सार्वजनिक यातायात सञ्चालन गरिने भनिएको थियो । पानीजहाज सञ्चालन गर्नेबारे पनि २०७४ को घोषणापत्रमा उल्लेख थियो । त्यो घोषणापत्रमा भनिएको थियो, 'भूपरिवेष्ठित मुलुकहरूले समुद्र उपयोग गर्न पाउने अधिकार प्रयोग गरी नेपाली ध्वजावाहक पानी जहाज सञ्चालन गरिने छ ।'

२०७४ सालमा एमाले र माओवादी केन्द्र गठबन्धनले झन्डै दुईतिहाइ सिट जितेको थियो भने ओली साढे ३ वर्ष प्रधानमन्त्री बनेका थिए । सत्तारुढ गठबन्धनमा आबद्ध नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)ले संविधानको रक्षालाई मूल नारा बनाएर यसअघि नै चुनावी घोषणापत्र सार्वजनिक गरिसकेका छन् ।

गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, झापा

साधारणसभा सम्बन्धी सूचना (मिति २०७९/०७/०८)

यस गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. को १३ औं वार्षिक साधारणसभा निम्न मिति , स्थान र समयमा हुने भएकाले उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

साधारणसभा हुने मिति-२०७९ मंसिर १७ गते शनिवार

स्थानः पर्यटकीय स्थल जामुनखाडी

समयः बिहान ९.३० बजेदेखि

लवकुमार चौधरी
अध्यक्ष

बिर्तामोडमा कात्तिक १८ देखि नाटक 'मालिनी' मञ्चन हुँदै

बिर्तामोड(प्रस)।जेनियस मिडिया बिर्तामोडको आयोजनामा नाटक ' मालिनी' मञ्चन हुने भएको छ । आयोजक संस्थाले मंगलवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी नाटक मञ्चनको तयारीका विषयमा जानकारी दिएको हो । जेनियस मिडियाका सञ्चालक निरज पोखरेलले कात्तिक १८ देखि २४ गतेसम्म बिर्तामोडको पुरानो भद्रपुरर ोडस्थित इन्द्रेणी ब्याङक्वेटमा नाटक मञ्चन हुने बताए ।

मालिनी विश्व प्रसिद्ध लेखक रविन्द्रनाथ टेगोरद्वारा लेखिएको चर्चित नाटक हो । यसलाई नाम्लो नाट्य समूह मोरङले मञ्चन गर्नेछ । झापाको बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माणाधीन झापा नाटकघरको सहयोगार्थ मालिनी मञ्चन गर्न लागिएको हो । क्षितिज नाट्य प्रतिष्ठानले सरकारी एवम् गैरसरकारी क्षेत्र र दाताबाट सहयोग जुटाएर नाटकघर निर्माण गरिरहेको छ ।क्षितिज नाट्य प्रतिष्ठानका अध्यक्ष युवा व्यक्तित्व रंगकर्मी माधव कल्पितले दाताबाट सहयोग जुटाइए पनि आर्थिक व्यवस्थापनमा समस्या हुँदा नाटकघरको निर्माण कार्य पूरा हुन नसकेको बताए ।

'सकेसम्म सहयोग जुटाएर नाटकघरलाई पूर्णता दिने प्रयासमा छौं', पत्रकार सम्मेलनमा अध्यक्ष कल्पितले भने । सरकारी निकाय र दाता महानुभावबाट करिव दुई करोड

❖ बाँकी अन्तिम पृष्ठमा

रुपन्देही- २ का भुसालको उम्मेदवारी खारेज

झापा(प्रस) । रुपन्देही- २ बाट प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दिएका डा. कमल भुसालको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णयलाई सर्वोच्च अदालतले सदर गरिदिएको छ ।

मंगलबार न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशकुमार ढुंगानाको संयुक्त इजलासले हाम्रो नेपाली पार्टीका डा. भुसालको रिट खारेज गर्ने फैसला गरेको थियो ।

यसअघि निर्वाचन आयोगले सरकारी छात्रवृत्तिमा एम.डी. अध्ययनरत रहेको र जीवन निर्वाह भत्ताबापत मासिक रकम बुझ्ने गरेको पाइएपछि डा. भुसालले दिएको उम्मेदवारी खारेज गरिदिएको थियो । आयोगको उक्त निर्णयविरुद्ध भुसालले सर्वोच्चमा रिट दायर गरेका थिए ।

तर सर्वोच्चले अन्तिम फैसला गर्दै आयोगको निर्णयलाई सदर गरेको हो । यसअघि रिटमा प्रारम्भिक सुनुवाइ गर्दै न्यायाधीश कुमार रेग्मीको इजलासले निर्वाचन आयोगसमेतका नाममा कारण देखाऊ आदेश जारी गरेको थियो । रुपन्देही क्षेत्र नं २ मा नै यसअघि नेकपा एकीकृत समाजवादीका राजु गुरुङको उम्मेदवारी पनि निर्वाचन आयोगले खारेज गरेको थियो ।

चर्चित अमेरिकी ऱ्यापर टेकअफको गोली हानी हत्या

एजेन्सी । चर्चित अमेरिकी ऱ्यापर टेकअफको गोली हानी हत्या गरिएको छ।

टेक्ससको ह्युस्टनमा भएको पार्टीमा सहभागी टेकअफको अज्ञात समूहले राति गोली हानी हत्या गरेको स्काई न्युजलगायत सञ्चारमाध्यमले जनाएका छन्। गोली प्रहार हुनुभन्दा केही घण्टाअघि मात्रै टेकअफले सामाजिक सञ्जालमा सेल्फी पोस्ट गरेका थिए।

२८ वर्षीय टेकअफको वास्तविक नाम कसनिनक खारी बल हो। उनी सांगीतिक समूह मिगोसका सबैभन्दा कान्छा सदस्य हुन्। प्रहरीले घटनाबारे अनुसन्धान भैरहेको जनाएको छ।

टेकअफको इन्टरभ्यू विद अफसेट, मार्टिन इन्ट्रो, ब्लेस इएम तथा भ्याकेसन लगायतका चर्चित ऱ्याप गीत छन्। क्वाभो र टेकअफले जोडीको रूपमा तीन साताअघि मात्र म्युजिक भिडियो 'मेसी'सार्वजनिक गरेका थिए।

दलको निर्वाचन खर्च सीमा ५ करोड ५० लाख

झापा(प्रस)। निर्वाचन आयोगले आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा राजनीतिक दलका लागि खर्च सीमा ५ करोड ५० लाख रुपैयाँ निर्धारण गरेको छ । दलहरुले समानुपातिकतर्फको बन्दसूचीको आधारमा आयोगले खर्च सीमा निर्धारण गरेको हो ।

कुनै एक दलले प्रतिनिधिसभाको समानुपातिकतर्फ एउटा उम्मेदवार बराबर २ लाख र प्रदेश समानुपातिकतर्फ १ लाख ५० हजार रुपैयाँ खर्च गर्न पाउने छ ।

यसअनुसार प्रतिनिधिसभातर्फ १ सय १० जना समानुपातिक उम्मेदवारको सूची बुझाउने दलले २ करोड २० लाख रुपैयाँ खर्च गर्न पाउने छ ।

प्रदेश समानुपातिकतर्फ दलहरूले अधिकतम् २२० जनासम्मको नाम बुझाएका छन् । त्यस आधारमा कुनै एक दलले ३ करोड ३० लाख रुपैयाँ प्रदेश समानुपातिकतर्फ खर्च गर्न पाउनेछ ।

यसअघि प्रत्यक्षतर्फका उम्मेदवारको खर्च सीमा तोकिसकेको छ । २५ देखि ३३ लाख प्रतिनिधिसभातर्फ र प्रदेशसभाका प्रत्यक्ष उम्मेदवारले १५ देखि २३ लाख रुपैयाँ खर्च सीमा निर्धारण गरिसकेको छ ।

निर्वाचन आयोगले उम्मेदवार र दलले मतदाता नामावली खरिद, प्रचारप्रसार सामग्री, गोष्ठी, अन्तरक्रिया, सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रचार, कार्यालय सञ्चालन प्रतिनिधि परिचालन र सवारीसाधनमा खर्च गर्न सक्ने जनाएको छ ।

झापा बेलबारी गोल्डकपको क्वाटर फाइनलमा प्रवेश

बेलबारी(प्रस)।झापा धुलाबारीको रोलिङ क्लब पाँचौं संस्करणको बेलबारी बुद्ध एयर अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप फुटबल प्रतियोगिताको क्वाटर फाइनलमा प्रवेश गरेको छ ।

मोरङको बेलबारी नगरपालिका-११ लक्ष्मीमार्गमा मंगलबार भएको उद्घाटन खेलमा विराटनगरको पेम्बा युथ क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै झापाले प्रतियोगितामा विजयी सुरुवात गरेको हो । झापाको जितमा रेजिन सुब्बा नायक बने । उनको निर्णायक गोलको मद्धतले झापाको क्वाटर फाइनल यात्रा तय भएको हो । प्रतिस्पर्धात्मक खेलको ५१ औं मिनेटमा डिबक्सभित्र प्राप्त बललाई उनले वान टच जाली चुमाएका हुन् । रेजिनको गोलसँगै दबाबमा परेको विराटनगर जवाफी गोल फर्काउन नसक्दा निराश बनेर पहिलो खेलबाटै बाहिरियो । मध्यान्तरपछि आक्रामक प्रदर्शन गरे पनि विपक्षी बार भत्काउन नसक्नु उसका लागि दुर्भाग्यपूर्ण बन्यो । पहिलो हाफ गोलरहित बराबरीमा सकिँदा झापाले पनि नतिजा आफ्नो पक्षमा पार्न मध्यान्तरपछिको समय पर्खनु पर्यो ।

राष्ट्रिय खेलाडीले भरिपूर्ण दुवै

टिमको फिनिसिङ पक्ष भने कमजोर रहयो । बारम्बारका अवसरमा झापा र विराटनगरका खेलाडी चुकेका थिए । अवसर खेर जाँदा विराटनगर खेलबाट बाहिरियो । झापाले फराकिलो अन्तरको जित निकाल्न सकेन ।

खेलको ५ औं मिनेटमा विराटनगरका प्रकाश बुढाथोकीको फ्रिकिक प्रहारलाई झापाका गोलरक्षक दीप कार्कीले विफल पारिदिए । २२ औं मिनेटमा उनकै प्रहार पोस्ट माथिबाट बाहिरियो । ४६ औं मिनेटमा सुदील राई वान भर्सेस वानको अवस्थामा चुके । ७१ औं मिनेटमा सुदीलकै प्रहार बाहिरिँदा विराटनगरको क्वाटर फाइनल प्रवेश गर्ने योजना असफल बन्यो । खेलमा झापाले पनि थुप्रै अवसर गुमाउँदा फराकिलो अन्तरको जित निक्लन सकेन । ७ औं मिनेटमा सुजल श्रेष्ठको प्रहारमा विराटनगरका गोलरक्षक विवश चौधरी बाधक बनिदिए । २७ औं मिनेटमा झापाका एन्जल गुरुङको प्रहारले पनि पोस्टको बाटो देखेन । ३८ औं मिनेटमा संजोग राईले अवसर गुमाउँदा झापाले जितका लागि मध्यान्तरपछिको समय कुर्नु पर्यो ।

खेलको म्यान अफ दी म्याच झापाका गोलरक्षक दीप कार्कीले नगद ५ हजार रूपैयाँ प्राप्त गरे । प्रतियोगिताको उद्घाटन बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले गरेका थिए ।बुधवार भारतको एमएम एफ सी वेष्ट बंगाल र सिरहाको सहलेस युथ क्लबबीच प्रतिस्पर्धा हुने छ । प्रतियोगिता असोज २५ गतेसम्म सञ्चालन हुने छ । गोल्डकपका प्रवक्ता नरेन्द्र बस्नेतका अनुसार प्रतियोगितामा नेपालका ७ र विदेशका ३ गरेर १० वटा टिम सहभागी छन् । विराटनगर र झापाबाहेक प्रतियोगितामा आयोजक डाँगीहाट युथ क्लब लक्ष्मीमार्ग, सहारा क्लब पोखरा, सशस्त्र प्रहरी बल काठमाडौं, सहलेस युथ क्लब सिरहा र राजारानी फुटबल क्लब धनकुटा तथा भारतको एमएम एफ सी वेष्ट बंगाल, युनाइटेड ब्रदर्श कालिम्पोङ र क्यामरुनको एभिनीयर फुटबल क्लब सहभागी रहेको उनले बताए । प्रतियोगिताको चौथो संस्करणको उपाधि भने सशस्त्र प्रहरी बलले जितेको थियो ।

डाँगीहाट युथ क्लबका अध्यक्ष एवं प्रतियोगिता संयोजक विक्रम वान्तवा राईले प्रतियोगिताको विजेता टिमले ८ लाख १ हजार र उपविजेताले ४ लाख १ हजार नगद पुरस्कार पाउने बताए । गोल्डकपको पुरस्कार राशि यसवर्षदेखि बढाइएको हो । यसअघिका विजेताले ५ लाख र उपविजेताले २ लाख ५० हजार नगद पुरस्कार पाएका थिए । राईले प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई २५ हजार, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, सर्वाधिक गोलकर्ता, उदीयमान खेलाडी तथा मिडफिल्डरलाई १५/१५ हजार र उत्कृष्ट प्रशिक्षकलाई ३५ हजार रूपैयाँ पुरस्कारको व्यवस्था गरिएको बताए ।

बिर्तामोडमा...

रुपैयाँ सहयोग भएको र त्यसबाट जग्गा खरिद गरी भौतिक पूर्वाधार निर्माण गरिएको अध्यक्ष कल्पितले जानकारी दिए ।

झापामा यसअघि पनि नाटक मञ्चन भएका थिए । कोरोना संक्रमणयता नाटक मञ्चन हुन नसकिरहेका बेला मालिनी मञ्चन हुन लागेको हो ।

क्षितिज साहित्य प्रतिष्ठानका सचिव ताराप्रकाश भट्टराईले नाटकघरको निर्माण कार्य पूरा नभएकाले पार्टी प्यालेसमा मञ्चन गर्नु परेको बताए । नाटक दैनिक तीन शोमा देखाइनेछ । नाटक मञ्चन व्यवस्थापन समितिका संयोजक सुजन शिवाकोटीले सबै तयारी पूरा भएको बताए । नाटकमा पूर्वेली कलाकारको अभिनय छ । नाटकलाई पूर्वका चर्चित रंगकर्मी तथा निर्देशक सुदीपजंग कार्कीले निर्देशन गरेका छन् । नाटकको नेपाली अनुवाद नेचुरल्ली दीपकले गरेका हुन् ।

नाटकमा दीक्षा चौधरी, अनिल खत्री, दीपक निरौला, विराज बाँस्कोटा, अतीत निरौला, गोमा पौडेल, सुरज माझी, प्रदीप सर्दार र जीवन बस्नेत तथा निर्देशक कार्कीको अभिनय रहनेछ ।

पीएम कप : अंकितको शतकमा प्रदेश १ को जित

झापा(प्रस)। प्रारम्भिक ब्याटर अंकित सुवेदीको उत्कृष्ट शतकको मद्दतले प्रदेश १ ले पीएम कप वान डे क्रिकेटको समूह 'बी'मा वागमतीलाई ६९ रनले हराएको छ । प्रदेश १ को यो पहिलो जित हो भने वागमतीले लगातार दोस्रो खेल गुमाएको छ ।अंकितको १ सय १० रनको मद्दतले प्रदेश १ ले पहिले ब्याटिङ गर्दै ४९.५ ओभरमा ३ सय ४ रन बनाएको थियो । त्यसमा कप्तान सिद्धान्त लोहनीले ४० बलमा ७२ रनको योगदान दिए । वागमतीका लागि रामनरेश गिरीले ४२ बलमा ५ विकेट लिए । जितका लागि ३ सय ५ रनको विशाल लक्ष्य पाएको वागमतीले ४५.५ ओभरमा अलआउट हुन अगाडि २ सय ३५ रनमात्र बनाउन सक्यो । नन्दन यादवले बनाएको ४३ रन नै वागमतीका लागि उच्च व्यक्तिगत स्कोर रह्यो ।

समूह 'ए'मा पुलिस २ खेलमा २ जितसहित ४ अंकमा शीर्ष स्थानमा छ भने त्यसपछि प्रदेश १ को दुई अंक भएको छ । वागमती भने अंकविहीन स्थितिमा छ ।

एमालेको साँठगाँठको औचित्य छैन : भीम रावल

झापा(प्रस) । नेकपा एमालेका नेता भीम रावलले मंगलवार एमालेले जारी गरेको घोषणापत्रमा गठबन्धनबारे प्रश्न उठाउँदै एमालेको साँठगाँठको औचित्य नभएको बताएका छन ।



कमल थापा, राजेन्द्र लिङ्देन, उपेन्द्र यादवलगायतसँग निर्वाचनमा गरिएको तालमेलका विषयमा उनले प्रश्न उठाएका छन् ।

उनले सामाजिक सञ्जालमा लेखेका छन , 'एमालेले भरखरै जारी गरेको घोषणापत्रमा ' नीतिविहीन, उद्देश्यविहीन र गन्तव्यविहीन गठबन्धन सत्ता स्वार्थको माध्यम मात्र हो' भन्ने भनाइ उचित हो ।

तर, कमल, राजेन्द्र, उपेन्द्र, एकनाथ र हृदयेशसँग भएको साँठगाँठको औचित्य एमालेको कुनै सिद्धान्त, नीति र गन्तव्यले पुष्टि गर्दैनन् ।'

भूमिसुधार कार्यालय भद्रपुर ,झापा

मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोत गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगत कट्टा गरिपाऊँ भनी कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी बिरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र दावी बिरोध नभएमा भू.सं. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

जग्गाधनीको विवरण	जग्गाको ठेगाना	कित्ता नं.	क्षेत्रफल	मोहीको नाम थर
शुष्मा आडथुपो	दमक-१	३५२५३ ३५२५५	०-१४-०७५ १-६-१३.५	गोपीलाल श्रेष्ठ

प्रेस विज्ञप्ती

मितिः २०७९-०७-१४

केहि दिनदेखि विभिन्न मिडीयाहरुमा हामीहरुको समेत नाम जोडी माओवादी केन्द्रको साधारण सदस्य समेत नरहने मरी राजीनामा गरेको भन्ने समाचारमा कुनै सत्यता नरहेको र कसैलाई भ्रममा नपर्न र नपार्न अनुरोध गर्दै पार्टीभित्र असहमतिका विषयहरु भए पार्टी कमिटीमे छलफल गरी निकास निकाल्न पनि हामी सबैमा अवगत गराउदै, बैठकमा भएको हस्ताक्षरको दुरुपयोग गरिएकोमा यस्ता कार्य जोबाट भएपनि नगर्न अनुरोध गर्दै हामी तपसिलका व्यक्तिहरु ने.क.पा.(माओवादी केन्द्र)मे रहेको सबैमा जानकारी गराउन चाहान्छौ ।

क्रान्तिकारी अभिवादन सहित लालसलाम ।

तपसिल

१. भुवन सन्ढाङ
२. इन्द्र नेउपाने
३. धन कुमार बुढाल
४. सन्जीव राई
५. फिरोज बुढाल
६. धनन राई
७. मिन बहादुर थापा
८. दिपक पौडेल
९. नेरुदा सुब्बेदी
१०. शिव घिमिरे
११. सन्तोष कार्की (झापाबस)
१२. खगेन्द्र राई
१३. जनम राई
१४. लाक्पा लामाङ
१५. शेर्पा राई
१६. ताडा आचार्य
१७. आदित्य पौडेल
१८. डमर लिम्बु (पथरी)
१९. सन्तोष कटुवाल
२०. जगचन्द्र राई
२१. आशिष घिमिरे

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

मतदाता शिक्षा देऊ

अहिले चुनावी माहोल छ। घरदैलोमा मत माग्न उम्मेदवारले अनेक तरिका अपनाइरहेका छन्। आफूलाई मतदानका लागि अपिल गरिरहेका उम्मेदवारको ध्यान मतदाता शिक्षामा भने पुगेको देखिँदैन। गत स्थानीय तहको निर्वाचनमा मतदाता शिक्षामा बेवास्ता गर्दा धेरै मत बदर भएको थियो। जित्नुपर्ने उम्मेदवारले हार बेहोर्नु परेको थियो।

उम्मेदवारले केबल फलानो चिह्नमा मतदान गर्नुहोला मात्रै भन्ने गरेका छन्। गत स्थानीय निर्वाचनमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष दुई, वडाध्यक्ष र पाँच वडा सदस्य गरी धेरै स्थानमा मतदान गर्नुपर्ने भएपछि मतदाता झुक्किएका थिए। मतदाता शिक्षा नहुँदा धेरै मत बदर भएको थियो।

निर्वाचन आयोगले दिएको नमूना मतपत्रअनुसार राजनीतिक दलहरुले आफ्नो चुनाव चिह्नमा स्वस्तिक छाप लगाएर मतदातालाई दिँदै आएका छन्। निर्वाचन आयोगले मतदाता शिक्षाका लागि व्यवस्था गर्न लागेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। सामान्यतया मत दिन पाउने, मतदान गर्न पाउने अधिकार प्राप्त व्यक्ति मतदाता हुन्। नेपालको कानुनले मतदान गर्नका निमित्त १८ वर्ष उमेर पूरा भएको, मतदाता नामावलीमा नाम उल्लेख भएको, मतदाता परिचयपत्र भएको भनी व्यवस्था गरेकोले त्यस्ता सबै व्यक्तिलाई मतदाता भनी परिभाषित गर्न सकिन्छ। निर्वाचन आयोग ऐन, २०७३ ले मतदाता भन्ने शब्दलाई संघीय कानुनबमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनुपर्छ भनी परिभाषित गरेको छ। निर्वाचनका लागि विभिन्न विधि तथा प्रक्रियाहरु अपनाइन्छ। कतिपय अवस्थामा सर्वसम्मत तरिकाले निर्वाचन हुन्छ भने धेरैजसो मतदाताहरुको मतदानका आधारमा निर्वाचन हुने गर्छ।

मतदान प्रणालीको सुरूआतको समयमा उमेदवारहरुका नामका विभिन्न रंगका बाकसहरु राखी त्यही बाकसमा मतरुपी प्रमाणित कागजको टुक्रा खसाल्ने र मतदान सकिएपछि तिनै बाकसका कागजका टुक्रा गन्ने गरिन्थ्यो भन्ने हाम्रा अग्रजहरु अझै धेरै भेटिन्छन्। बिस्तारै मतदान प्रक्रिया परिष्कृत हुदै गयो, राजनीतिमा चासो बढ्दै गयो, देशमा भएका निरंकुश र अलोकतान्त्रिक शासन व्यवस्थाका विरूद्धमा समय-समयमा विभिन्न आन्दोलनहरु भए र विभिन्न प्रकारका शासन व्यवस्थाको चरण पार गर्दै अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आइपुग्यौं हामी। विगतका निर्वाचनमा मतदाता शिक्षाको अभावमा धेरै कमीकमजोरी भएको यथार्थ हाम्रोसामु घामजस्तै छर्लङ्ग छ। यसपटकको निर्वाचनमा त्यही कमजोरी दोहोरिन नदिन सम्पूर्ण मतदातालाई मतदाता शिक्षा दिनु निर्वाचन आयोग र सरकारको दायित्व हो।

नीति निर्माणमा नियति

• भुवन न्यौपाने

लोकतान्त्रिक मान्यता र संविधानअनुरूप २०७४ मा पहिलो निर्वाचन सम्पन्न भई दोस्रो कार्यकालका रूपमा स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भइसकेको छ। मुलुक प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९ को चुनावी सम्मुखमा छ। पछिल्लो साठीको दशक संविधान निर्माणको दशक, त्यसपछिको सत्तरीको यो दशकलाई कानून निर्माण र कार्यान्वयनको दशक भनेर अर्थ्याउने गरिन्छ। कानुनी राज्यको विकासक्रम र अवधारणालाई हेर्ने हो भने कानुन बिनाको राज्य अस्तित्वमा रहेको पाइँदैन। कानुनी व्यवस्थाले नै मुलुक र जनताका लागि सभ्य, समुन्नत र सुशासनको मार्ग तय गरेको हुन्छ। सरकारलाई मार्गनिर्देशन गर्ने कानुन र नीति राज्यका मेरुदण्ड हुन्। राजनीति, सरकार, शासन, समाज, अर्थ, कानुन र कूटनीतिजस्ता मुख्य आयामलाई जीवन्त रूपमा सञ्चालनमा ल्याउने नीतिहरू नै हुन्। सार्वजनिक नीतिहरू शासक र जनतासँग अन्तरसम्बन्धित हुन्छन्। जनताका मागहरू नीतिमा झल्कन्छन् भने शासकीय कौशलताको छायाँ नीतिमा अडेको हुन्छ। नीति मुलुकको लौरी हो। मुलुकका आवश्यक कानुन निर्माण र कार्यान्वयन गर्ने, टेक्ने र टेकाउने अस्त्र हुन्। त्यी महत्वपूर्ण अस्त्रहरू समयानुकूल, उपलब्धिमूलक र जनमुखी भएनन् भने मुलुक समुन्नतितिर भन्दा पनि संकटपूर्ण समस्याको चाङतिर धकेलिने सम्भावना बढी हुन्छ।

नीतिमा नियति किन ?

नेपालको संविधान (२०७२) जारी भएपछि कानुन मन्त्रालयले संविधानको पूर्णता र जनताका माग र आवश्यकतालाई सम्बोधन गर्न संसद्ले ३१५ कानून बनाउनै पर्ने औँल्याएको थियो। प्रतिनिधिसभाको पहिलो कार्यकाल नै यति संक्रमणकालबाट गुज्रियो कि कानून निर्माणभन्दा पनि संसद् आफैँ अस्तित्वको चुनौतीमा रहिरह्यो। राजनीतिक खिचातानी, अप्राकृतिक राजनीतिक ध्रुवीकरण, व्यक्तिगत स्वार्थले दुई दुई पटकको संसद् विघटन, निरन्तरको संसद् अवरुद्ध, कानुन निर्माण र कार्यसम्पादनमा ढिलासुस्ती र लगावहीनताले पहिलो कार्यकालमा जम्मा १०२ कानून मात्र निर्माण भए। संविधानको पूर्णता, अपनत्व र उपयोगिताको सन्दर्भलाई प्रमाणित गर्ने बाँकी २१३ कानुन र थप परिष्कृत समयानुकूल कानुन निर्माणको अनिश्चितता कायमै छ भने कार्यान्वयनको उस्तै चुनौती छ।

संघीय लोकतान्त्रिक शासन व्यवस्थासहित तीन तहका सरकारको संरचना, अधिकार र जिम्मेवारी साथै शासकीय स्वरूप फरक फरक छ। सरकारले के गर्ने के नगर्ने भन्ने विषयमा गरेको घोषणा, प्रतिबद्धता, उद्देश्य, कार्यनीति र रणनीतिसहितको आधिकारिक मार्गदर्शनको दस्ताबेज हो, सार्वजनिक नीति। तर एकातिर संविधानको पूर्णताका लागि तीनै तहमा पर्याप्त कानुन निर्माण, समन्वय र सहकार्यको अभावले वर्षौं पुराना नीतिले सुदृढ संघीयताको मर्मलाई आत्मसात् गर्न सकिरहेका छैनन्। अर्कातिर, कानून र नीतिको तालमेलसमेत नहुँदा सरकारी योजना र सुधारका प्रयासले गति लिन सकिरहेका छैनन्। जसकारण, समयानुकूल नीतिको अभावले नागरिकहरूमा परिवर्तनको अनुभूति देखिँदैन। समयानुकूल समाजको गति, मानवीय आवश्यकता तथा राज्यले प्रवाह गर्ने सेवाबीच सन्तुलन कायम गर्न सामान्यत हरेक पाँच/पाँच वर्षमा सार्वजनिक नीतिको समीक्षा तथा पुनरावलोकन गर्नुपर्ने मान्यता छ। तर हाल मौजुदा रहेका ९५ नीतिमध्ये ७८ वटा अर्थात् ८२ प्रतिशत नीति पाँच वर्षभन्दा पुराना छन्। १७ नीति मात्रै पाँच वर्ष वा सोभन्दा कमका छन्। सरकारको 'थिङ्क ट्याङ्क' नीति अनुसन्धान प्रतिष्ठानले 'सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया' सम्बन्धी मार्गदर्शन प्रतिवेदनअनुसार हाल मौजुदा अधिकांश नीतिले वर्तमान समय र परिवेशलाई सम्बोधन गर्न नसकेको उल्लेख छ।

राज्यको शासकीय प्रणाली नै परिवर्तन हुँदासमेत सरकार भने झन्डै तीन दशक पुराना नीतिबाटै कार्यसम्पादन गरिरहेको छ। नीतिको प्रकृति हेरेर आवश्यकताअनुसार परिमार्जन र संशोधन आवश्यक हुन्छ। नीतिले समयानुकूल परिवर्तन र स्थायित्व दुवैलाई आत्मसात् गरेको हुनुपर्छ। नेपालमा हालसम्म २५० वटा सार्वजनिक नीति जारी भइसकेका छन्। तर, अधिकांश नीति निर्माण तर्जुमाको अभ्यासमा अपूर्ण रहेको नीति अनुसन्धान प्रतिष्ठानको निष्कर्ष छ। नेपालको सन्दर्भमा हालसम्मको अभ्यासलाई हेर्दा अधिकांश नीति निर्माण हुँदा वैज्ञानिक आधारलाई पूर्ण रूपमा पालना गरेको पाइँदैन। प्रायः सबै नीति एउटा सानो समूहले सीमित समय र ज्ञानका आधारमा पर्याप्त बहस र छलफल नगरी तथा सम्बद्ध सरोकारवालाको सल्लाह र सुझाव नसमेटी बनाउने गरेको देखिन्छ। परिणामतः यसरी बनाइएका नीति कि विवादित हुने, कि आंशिक मात्रामा कार्यान्वयनमा त कि आफैँ निष्क्रिय भएर जाने गरेका छन्।

कार्यान्वयनमा उस्तै चुनौती

लोककल्याणकारी राज्यसहित दिगो शान्ति, समुन्नत र सुशासन नेपाल निर्माणको परिकल्पना पूरा गर्न जनताका जनप्रतिनिधिबाट मस्यौदा भई संविधान सभाबाट जारी वर्तमान संविधान सर्वप्रथम त पूर्ण रूपमा कार्यान्वयन हुनु जरुरी छ। तर, पर्याप्त समयानुकूल नीति तथा कानूनको अभावमा स्वयं सरकार पनि पूर्ण रूपमा आफ्नो काम पूर्ण रूपमा गर्न सकिरहेको छैन भने त्यसको प्रत्यक्ष असर जनतामा नै देखिन्छ। नयाँ बन्ने नीति वा बनिसकेका नीतिलाई समीक्षा गरेर परिमार्जनमार्फत प्रभावकारी बनाउने दुवैमा कमजोरी रहेको देखिन्छन्। विभिन्न क्षेत्रसम्बद्ध नीतिहरूमा विषयवस्तुको उठान, नीति संरचनालगायतका दृष्टिकोणले एकरूपता कायम हुन नसकेका कारण नीति कार्यान्वयन पक्ष फितलो मात्र होइन, कार्यान्वयनमा भएका नीतिहरूको प्रभावसमेत जनअपेक्षाअनुसार गुणात्मक र मात्रात्मक दुवै हिसाबले मूल्याङ्कन हुन सकिरहेका छैनन्। समयानुकूल नीतिको मूल्याङ्कनका क्रममा कुनै पनि नीति कार्यान्वयन, परिणाम, प्रभाव तथा समय, स्रोत र सन्दर्भका हिसाबले अनावश्यक वा अनुपयुक्त देखिएमा वा परिमार्जन र संशोधनको आधारमा विषयवस्तुको सम्बोधन हुने अवस्था नरहेमा नीति निरन्तरताको अन्त्य अथवा संशोधनका पहलकदमी लिनुपर्छ। यद्यपि, आवश्यक कानुन र कार्यविधिको अभाव, संस्थागत संरचना, स्रोतको व्यवस्थापनलगायतका कारण नीति कार्यान्वयनमा बाधा आउने गरेको पाइएको छ। राजनीतिक पूर्वाग्रहका आधारमा एउटा सरकारले ल्याएको नीतिलाई अर्को सरकारले निरन्तरता नदिने स्थितिले पनि नीति कार्यान्वयनमा असर पुगेको देखिन्छ।

जनमुखी नीति निर्माण

सार्वजनिक नीति भन्नाले राज्यले अख्तियार गर्ने नीति अर्थात् अवलम्बन गर्ने आधारभूत, अनिवार्य र आकस्मिक कार्ययोजना हुन्। राज्यको वित्तीय, मौद्रिक, कृषि, औद्योगिक, पर्यटन, वातावरण, श्रम, वाणिज्य, कर, लगानी, रोजगार, आर्थिक पद्धति साथै सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति आदि सम्बन्धी नीतिहरू सार्वजनिक नीति हुन्। संयुक्त राष्ट्रसंघका अनुसार 'सार्वजनिक नीति भनेको सरकारी नीति हो' सरकारको शक्तिको स्रोत जनतासम्म सेवा पुऱ्याउन सरकारले नीतिको प्रयोग गर्दछ। सार्वजनिक नीतिले व्यक्ति व्यक्तिको जीवन, सामाजिक गतिविधिमा र राज्यका यावत् संयन्त्रहरूको सञ्चालनमा महत्वपूर्ण प्रभाव पार्ने गर्दछ। जनतालाई मुख्य केन्द्रमा राखेर हेर्ने, सार्वजनिक महत्व राख्ने नीतिहरू नै जनमुखी नीति हुन्।

वास्तविकतालाई हेर्ने हो भने नेपालमा सार्वजनिक नीतिको महत्व अझै स्थापित भएको छैन। सार्वजनिक नीति ठीक भयो र त्यसको प्रभावकारी कार्यान्वयन भयो भने त्यसले व्यक्तिलाई अनुशासित, कर्मशील र सेवामुखी बनाउँछ। समाजलाई पनि व्यवस्थित र अग्रगामी सोचतिर निर्देशित गर्दछ र राज्यलाई शान्ति, सुव्यवस्था र समुन्नतिको बाटोमा अग्रसर गराउँछ। यस अर्थमा पनि सार्वजनिक नीतिको विशेष महत्व छ र यो गहन अध्ययनको विषय पनि हो। नीति विहीनताको मारमा चौतर्फी समस्या भोग्दै आएको हाम्रो देशको अहिलेको अवस्थाले सार्वजनिक नीतिको उपादेयतालाई झनै आत्मसात् गर्नुपर्ने भएको छ। सार्वजनिक नीतिका बहुआयामिक पक्षबारे पनि गहन अध्ययन, अनुसन्धान र विश्लेषण हुन सकेको छैन।

प्रभावकारी जनमुखी नीति निर्माणका लागि नीतिको आवश्यकता तथा औचित्य, पहिचान भएका वा आवश्यक ठानिएका विषयमाथि कस्तो नीति बनाउने, त्यसका प्रभाव, नीतिले कुन वर्ग, समुदाय वा समग्र देशलाई के-कस्तो लाभ हुन्छ, नबनाउँदा के-कस्तो क्षति वहन गर्नुपर्ने हुन्छ भन्ने विषयको बृहत् खोजी हुनुपर्दछ। त्यस्तै, नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने साङ्गठनिक, कानुनी वा वित्तीय व्यवस्थापनबारे पनि पहिल्यै अध्ययन आवश्यक देखिन्छ। प्रस्तावित विषयवस्तु आमसरोकारका सवाल, व्यक्ति, समाज, राष्ट्रिय हित र स्वार्थलाई प्रवर्द्धन गर्ने खालको हो वा होइन, लाभग्राही समुदायको पहिचान, प्रस्तावित नीतिमाथि आमसरोकार राख्ने समुदायले स्वामित्व र अपनत्व ग्रहण गर्न सक्छन् वा सक्दैनन् जस्ता पक्षमाथि पनि विश्लेषण अपरिहार्य देखिन्छ। कस्तो नीति बनाउँदा समय, स्रोत र सन्दर्भका हिसाबले बढी सर्वस्वीकार्य, प्रभावकारी, कार्यान्वयनयोग्य र परिणाममुखी हुन्छ भन्ने विषयमाथि पनि उत्तिकै विश्लेषण जरुरी छ।

सार्वजनिक नीतिलाई प्रभावकारी, वैज्ञानिक, व्यावहारिक, कार्यान्वयनयोग्य र परिणाममुखी बनाउन सार्वजनिक नीति तर्जुमा चक्रको अवधारणालाई उपयोगमा ल्याउनु पर्दछ। जनमुखी नीति निर्माणको चक्रको अवधारणाअन्तर्गत सार्वजनिक नीति निर्माण गर्दा पालना गर्नुपर्ने ११ चरणबारे व्याख्या गरिएको छ। नीति चक्रमा आधारित भई नीति निर्माण गर्ने कुरा लामो, जटिल र तुलनात्मक रूपमा बढी खर्चिलो भए पनि वैज्ञानिक विधिको अवलम्बनले कार्यान्वयनको तहसम्मै बलियो आधार तयार पार्दछ। उपयुक्त विषय चयन, प्राथमिकीकरण, जोखिम, अवसर तथा चुनौतीको विश्लेषण, नीति कार्यान्वयनका रणनीति, कार्यनीति तथा विकल्प, आमसरोकार र विज्ञका सरोकारलगायतका विषयवस्तुउपर चरणबद्ध रूपमा ध्यान दिइने हुँदा सरोकारवाला पक्षमा स्वामित्व र अपनत्वसमेत बढ्छ।

सार्वजनिक नीति राज्यका सेवालाई व्यवस्थित ढङ्गले प्रवाह गर्ने अनिवार्य औजार भएकाले यो वैज्ञानिक, व्यावहारिक र कार्यान्वयनयोग्य हुन आवश्यक छ। नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, सङ्गठन वा कार्यान्वयन गर्ने आधिकारिक निकाय, कार्यविधि, जनशक्ति, पूर्वाधार, वित्तीय स्रोतको व्यवस्थापनलगायत आधारभूत सर्त हुन्। यसर्थ, व्यक्तिले सार्वजनिक नीति अनुसरण गरेर नै आत्मोन्नतिको अवसर पाउँछ। सुदृढ र गतिशील समाज निर्माणको आधार पनि सार्वजनिक नीति नै हो र समयसापेक्ष सार्वजनिक नीतिले मात्र राष्ट्रलाई सबल, समृद्ध र सम्मानित अवस्थामा पुऱ्याउँछ भन्ने तथ्यबोध गराउँछ। नीति निर्माणमा नियतिको सुधार, कार्यान्वयनको तत्परता साथै समयानुकूल, सर्वमान्य प्रक्रिया र पद्धतिमा आधारित रहेर निर्माण गरिएका नीति कार्यान्वयनले परिणाममुखी हुनुका साथै दीर्घकालीन प्रभावसमेत पार्न सक्दछ, त्यसतर्फ राज्यको ध्यान जानु जरुरी छ।

निर्वाचनमा मतदाता जागरण

• धनसूदन चौलागाई

जनताका लागि जनताद्वारा गरिने जनताको शासन नै लोकतन्त्र हो। शासकीय मामिलामा जनताको सहभागिता र नियन्त्रण रहने राजनीतिक व्यवस्था नै लोकतन्त्र हो। प्राचीन समयमा नागरिक आफैँ उपस्थित भएर राज्य सञ्चालनका मामिलामा निर्णय लिने गर्दथे। यो प्रत्यक्ष लोकतन्त्र थियो। समयक्रमसँगै राज्यको सीमा र जनसंख्या बढ्दै जाँदा सबैजना एकै ठाउँ भेला भएर निर्णय गर्न नसकिने भयो र उनीहरूले आफ्ना प्रतिनिधिमार्फत शासन व्यवस्थामा सहभागिता जनाउन थाले। यसबाट अप्रत्यक्ष लोकतन्त्रको अभ्युदय भयो। आधुनिक विश्वका प्राय : सबै मुलुकले अवलम्बन गरेको यही अप्रत्यक्ष लोकतन्त्र हो। संसारका सबै शासक वर्गले आफूले अवलम्बन गरेको व्यवस्थालाई जनताको शासन अर्थात् लोकतन्त्र भन्ने गरेका हुन्छन्। तर वास्तविक रूपमा लोकतन्त्र हुनका लागि केही महत्वपूर्ण कुरा आवश्यक पर्दछ , जसलाई लोकतान्त्रिक मूल्य र मान्यता भन्ने गरिन्छ र लोकतन्त्रका महत्वपूर्ण तत्वको रूपमा पनि लिइन्छ।

जनतामा निहित सार्वभौमसत्ता , संविधानवाद , आधारभूत मानव अधिकार र मौलिक हकको प्रत्याभूति , पूर्ण प्रेस स्वतन्त्रता , शक्ति पृथकीकरण , नियन्त्रण र सन्तुलन , कानुनको शासन , स्वतन्त्र न्यायपालिका र न्यायिक पुनरवलोकन , आवधिक निर्वाचन आदि आधारभूत लोकतान्त्रिक मूल्य र मान्यता हुन्। लोकतन्त्रमा सरकार नागरिकप्रति जवाफदेही हुन्छ। जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिहरू रहेको व्यवस्थापिकाले कानुनको निर्माण , सरकारको नीति तथा कार्यक्रमको स्वीकृति , कर संकलन र राज्यकोषबाट व्यय गर्ने अख्तियारी सरकारलाई प्रदान गर्ने गर्दछ। कानुनको दृष्टिमा सबै व्यक्ति समान हुन्छन्। अपवादबाहेक सरकारबाट गरिने सबै क्रियाकलापमा नागरिकको सूचना माग्ने र पाउने हक सुरक्षित गरिएको हुन्छ , जसले राज्यका गतिविधिमा पारदर्शिता कायम गर्दछ। नेपालको संविधानले यी लोकतान्त्रिक मूल्य , मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै संविधानवादका मूलभूत मान्यता अङ्गीकार गरेको छ।

लोकतन्त्रका आधारभूत संरचनाहरू

क्रियाशील तुल्याइ यसको लाभ सारभूत रूपमा आमनागरिकमा पुऱ्याउन सक्षम , जनउत्तरदायी र स्वप्नद्रष्टा सरकारको आश्यकता पर्दछ। यस्तो सरकार निर्माण गर्ने माध्यम भनेको निर्वाचन हो। जसको निर्माण बालिग नागरिकले छनोट गरेका प्रतिनिधिबाट हुने गर्दछ। निर्वाचन नागरिकले आफ्ना लागि राम्रो काम गर्न सक्ने योग्यतम प्रतिनिधिको छनोट गरी राज्य सञ्चालनको अख्तियारी सुम्पने प्रक्रिया हो। बहुदलीय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दल र उम्मेदवारहरू आ-आफ्ना घोषणापत्र र प्रतिबद्धतासहित मतदातासमक्ष जाने गर्दछन्। मतदाताले उनीहरूका नीति , सिद्धान्त , कार्यक्रम र योजनालाई मतदानमार्फत अनुमोदन गर्ने गर्दछन्। एक पटक अख्तियारी दिइसकेपछि आवधिक रूपमा त्यसको परीक्षण र मूल्याङ्कन गरी पुरानालाई निरन्तरता दिने वा नयाँ विकल्पको छनोट गर्ने भन्ने कुराको निर्णय पनि नागरिकहरूले निर्वाचनबाटै गर्दछन्। समग्रमा निर्वाचन राज्य सञ्चालनमा नागरिकको पहुँच , प्रतिनिधित्व , अपनत्व र नियन्त्रण कायम गर्ने माध्यम हो।

लोकतन्त्रको विकासक्रमसँगै विभिन्न किसिमका निर्वाचन प्रणालीको विकास भई अवलम्बन हुँदै आएको पाइन्छ। नेपालमा वि.सं. २००४ मा काठमाडौँ म्युनिसिपालिटीको निर्वाचनसँगै निर्वाचनको इतिहास प्रारम्भ भए पनि २०१५ सालमा भएको संसदीय निर्वाचनबाट व्यवस्थित रूपमा निर्वाचन हुन थालेको हो। २०७९ सालमा भएको स्थानीय तहको निर्वाचनसम्म आइपुग्दा निर्वाचन प्रणाली, मतदाता नामावली , मतपत्र , मतदान , मतपेटिकालगायत निर्वाचन व्यवस्थापनका विभिन्न पक्षमा निकै परिवर्तन एवं आधुनिकीकरण भइसकेको छ। नेपाली जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिको संविधानसभाले निर्माण गरेको नेपालको संविधानले दुई सदनात्मक सघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा) , एक सदनात्मक प्रदेश सभा तथा गाउँ सभा र नगर सभाको निर्वाचन फरक फरक निर्वाचन प्रणालीबाट हुने व्यवस्था गरेको छ। राष्ट्रिय सभा सदस्यको निर्वाचन एकल संक्रमणीय मत प्रणाली , प्रतिनिधि सभा र प्रदेश सभामा ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने तथा ४० प्रतिशत सदस्य राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार जनसंख्याको अनुपातमा विभिन्न वर्ग र समुदायबाट निर्वाचित हुने मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको छ।

लोकतन्त्रमा निर्वाचन जति अपरिहार्य छ त्यति नै निर्वाचनलाई सार्थक बनाउन मतदाता जागरण पनि त्यति नै आवश्यक छ। मतदातामा निर्वाचन बारेको आधारभूत जानकारी , आवश्यकता र महत्व , यसमा आफूले खेल्नुपर्ने भूमिका र पुऱ्याउनु पर्ने योगदानबारे जानकारी एवं नागरिक दायित्वबोध हुन आवश्यक हुन्छ। यसका लागि तत्कालीन रणनीतिको रूपमा मतदाता शिक्षा मुख्य हो। यसले मतदातामा निर्वाचनबारे जनचेतना अभिवृद्धि गर्न , निर्वाचनमा मतदाताको सहभागिता वृद्धि गर्न , बदर हुने मतको अंश न्यूनीकरण गर्न प्रत्यक्ष रूपमा र निर्वाचनलाई समग्रमा स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्ने कार्यमा परोक्ष रूपमा मद्दत पुऱ्याएको तथ्य निर्वाचन आयोगबाट बेलाबखत प्रकाशित सामग्री , तथ्याङ्क र प्रतिवेदन आदिले देखाउँछ। अत : मतदाता शिक्षालाई निरन्तर , अझ व्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ।

त्यस्तै नागरिकमा लोकतन्त्र , निर्वाचन प्रणाली र नागरिक अधिकार एवं दायित्वबारे सानै उमेरदेखि नै सही र ठोस धारणाको विकास गर्न विद्यालय तहको पाठ्यक्रममा नागरिक शिक्षाअन्तर्गत निर्वाचनसम्बन्धी विषयवस्तु समावेश गरी पठनपाठन गर्ने व्यवस्था मिलाउनु पर्दछ। साक्षरता र निरन्तर शिक्षाजस्ता अनौपचारिक शिक्षाका विषयवस्तुमा निर्वाचनसम्बन्धी विषयवस्तु समावेश गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नु पर्दछ। गैरसरकारी र सामुदायिक संघसंस्थाले सञ्चालन गर्ने नागरिक सशक्तीकरण र सामाजिक परिचालनसम्बन्धी कार्यक्रममा निर्वाचनसम्वन्धी विषयवस्तु समावेश गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्न सकिन्छ।

मतदाता जागरणले निर्वाचनमा मतदाताको सहभागिता बढाउने मात्र नभई निर्वाचनलाई स्वच्छ , निष्पक्ष , शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न , राजनीतिक दल र उम्मेदवारलाई उत्तरदायी बनाउन र समग्रमा निर्वाचनको वैधता अभिवृद्धि गर्न मद्दत पुग्दछ। निर्वाचनमा हुने अनुचित प्रभाव र अवाञ्छित गतिविधि न्यून गरी मतदाताको व्यापक र सार्थक सहभागिता सुनिश्चित गरेर मुलुकका निर्वाचित संस्थाहरूमा नागरिक स्वामित्व एवं अपनत्व स्थापित गर्न प्रत्यक्ष मद्दत पुग्दछ। अत : निर्वाचनको सार्थकता , जनउत्तरदायी सरकार र लोकतन्त्रको संस्थागत विकासमा लागि मतदाता जागरण अपरिहार्य छ।

विप्लवको पार्टीले चुनाव बहिष्कार गर्ने

झापा(प्रस)। नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनविरुद्ध भण्डाफोर अभियान सञ्चालन गर्ने भएको छ ।
मंगलबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै नेपाल कम्युनिष्ट पार्टीले मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको विरुद्धमा लाग्ने जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा बोल्दै सो पार्टीका स्थायी कमिटी सदस्य सन्तोष बुढामगरले कार्तिक ४ गते बसेको केन्द्रीय समितिको दोस्रो पूर्ण बैठकले निर्वाचनलाई सशक्त प्रकारले खारेज गर्ने निर्णय गरेको बताए।

उनले निर्वाचनको विरुद्धमा भण्डाफोर, पर्चा वितरण, जुलुस र सभाहरूको आयोजना गरिने बताए। पार्टीले निर्वाचनमा भाग नलिन जनतालाई अपिल गर्ने पनि उनले जानकारी दिए।
चुनाव खारेज अभियानलाई सहयोग पुग्ने गरी केन्द्रीय सामना परिवारबाट सांस्कृतिक अभियान सञ्चालन गर्ने निर्णय पनि नेपाल कम्युनिष्ट पार्टीले गरेको छ। बैठकले २ ९ सदस्यीय पोलिटब्युरो र ६ सदस्यीय स्थायी समितिको निर्वाचन गरेको छ भने केन्द्रीय समितिको प्रवक्तामा खड्गबहादुर विश्वकर्मालाई नियुक्त गरेको छ।
नवौं महाधिवेशनसँग सम्बन्धित आर्थिक हिसाबकिताबलाई कार्तिक मसान्तसम्म केन्द्रित गरेर बन्द गर्ने निर्णय भएको स्थायी कमिटी सदस्य बुढामगरले जानकारी दिए।

बैठकले पार्टीका नेता वीरजङ्गको मृत्यु भएको सम्बन्धमा सत्य तथ्य पत्ता लगाई पार्टीको धारणा बनाउने निर्णय गर्न स्थायी समिति सदस्य विश्वकर्माको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको पनि उनले उल्लेख गरे ।

नेपाललाई भारतले दियो २ सय सवारीसाधन

झापा(प्रस)। आगामी मंसिर ४ मा हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सञ्चालनका लागि भारत सरकारले नेपाललाई सवारीसाधन सहयोग गरेको छ ।
नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले मंगलबार अर्थमन्त्री जनार्दन शर्मालाई भारत सरकारको तर्फबाट २०० वटा सवारीसाधन हस्तान्तरण गरेका हुन् । यी सवार ीसाधनले नेपालका विभिन्न संस्थालाई निर्वाचनका लागि आवश्यक प्रबन्ध मिलाइ थप व्यवस्थित गर्न सघाउ पुऱ्याउने भारतीय राजदूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

नेपालले प्राप्त गरेको सवार ीसाधनमा १२० वटा सुरक्षा निकायले र बाँकी ८० वटा निर्वाचन आयोगले प्रयोग गर्नेछन् । यी सवारीसाधनको हस्तान्तरणले नेपालभर रहेका विभिन्न संस्थाको द्रुवानी एवम् सञ्चालन प्रबन्धलाई थप व्यवस्थित बनाई निर्वाचनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।
अर्थमन्त्री शर्माले यी सवार ीसाधन लगायत विकास साझेदारीको रुपमा नेपाललाई निरन्तर सहयोग गरेकोमा भारत सरकार र भारतीय जनतालाई धन्यवाद दिएका थिए ।नेपाल सरकारको अनुरोधमा विगतका वर्षहरूमा पनि भारत सरकारले नेपालका सुरक्षा निकाय र निर्वाचन आयोगको प्रयोगका लागि सवारीसाधन उपलब्ध गराउँदै आएको थियो ।
नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई झण्डै २००० वटा तथा नेपाली सेना र निर्वाचन आयोगलाई ४०० वटा गरी हालसम्म भारतले नेपाललाई निर्वाचनको समयमा २४०० भन्दाबढी सवारीसाधन सहयोगस्वरुप प्रदान गरेको भारतीय दूतावासले जनाएको छ ।

विवादले करोडौंका काठ सड्दै

झापा(प्रस)। उपभोक्ताबीचको विवादले करोडौं मूल्यबराबरका काठ सड्ने अवस्थामा पुगेका छन् ।
उदयपुर कटारी नगरपालिका-२ गिद्धबरस्थित सीतापोखरी सामुदायिक वन उपभोक्ता समूहले उक्त काठ झन्डै १२ वर्षअघि संकलन गरी घाटगद्दी गरेको हो । समूहले आन्तरिक खपतबाट बचेको काठ बाहिर बिक्री-वितरणका लागि २०६७ मा वन क्षेत्रबाट सालको काठ कटान गरेको थियो । तर उपभोक्ताबीचको विवादका कारण कटान गरिएको काठ बिक्री भएन । उक्त काठको बिक्री वितरण रोक्न माग गर्दै समूहकै सदस्यले अदालतमा मुद्दा हाले ।अहिलेसम्म ती काठ घाटगद्दीमै कुहिने अवस्थामा पुगेको स्थानीयले बताए । समूहले घाटगद्दी गरेको करिब ३ हजार ८ सय ६८ दशमलव.५२ क्युफिट काठ कामै नलाग्ने अवस्थामा पुगेको स्थानीय रामबाबु बस्नेतले बताए । उनका अनुसार अहिलेको बजार मूल्यअनुसार उक्त काठको मूल्य ३ करोड रुपैयाँभन्दा बढी हुन आउँछ ।

उपभोक्ता समूहले वन कार्यालयसँग आदेश लिएर काठ काटेको समूहका अध्यक्ष रामप्रसाद गौतमले बताए । 'उपभोक्ताका लागि आवश्यक काठ दिने र बाँकी बाहिर बेच्नलाई काटियो,' उनले भने, 'उपभोक्ताको आमभेलाले समूहको कार्ययोजनाअनुसारै वनसँग कटान आदेश लिइएको हो ।' तर कटानपछि समूहका सदस्यले विवाद झिकेर अदालतमा मुद्दा दिएपछि रोकिएको उनले बताए । सीतापोखरी सामुदायिक वन समूह स्थापनादेखि नै विवादमा परेको स्थानीयले बताए । समिति पदाधिकारी चयनदेखि काठ कटानका विषयमा समूह पटकपटक विवादमा आएको हो । तत्कालीन समयमा काठ कटान गरी घाटगद्दी गरेपछि वन पैदावार हानिनोक्सानी गरेको भन्दै ०६७ भदौ ४ मा स्थानीय मनकुमारी भुजेलले जिल्ला अदालत उदयपुरमा समूहका पदाधिकारीविरुद्ध मुद्दा दर्ता गरेपछि विवाद अदालत पुगेको हो । काठ कटानको विषयमा अदालतमा मुद्दापछि काठ अलपत्र परेको अध्यक्ष गौतमले बताए ।

समूहका पदाधिकारीविरुद्ध वन पैदावर हानिनोक्सानीसम्बन्धी मुद्दा जिल्ला अदालतबाट पुनरावेदन हुँदै सर्वोच्च अदालतसम्म पुगेको हो । सर्वोच्चले जाहेरीकर्ताको माग दाबीअनुसार समूहको संलग्नता नरहेको भन्दै सुरुमा जिल्ला अदालतको फैसलालाई नै सदर गरेको थियो । ०७१ असार २० मा जिल्ला र पुनरावेदनको फैसला सर्वोच्चले सदर गरेपछि समूहले सफाइ पाएको थियो । तर समूहले काठलाई प्रयोगमा ल्याउन नसकेको डिभिजन वन कार्यालय उदयपुर त्रिवेणीका प्रमुख विष्णुलाल घिमिरेले बताए । उनका अनुसार मुद्दा फैसला भए पनि ३ हजार ८ सय ६८ दशमलव.५२ क्युफिटमध्ये २ हजार ४ सय १४ क्युफिट काठ मात्रै घाटगद्दीमा छ । 'बाँकी १ हजार ४ सय २४ दशमलव ६८ क्युफिट काठ जंगलमै रहेको देखिन्छ,' घिमिरेले भने, 'कटान गरेर घाटगद्दी गर्न नसकिएको काठ वर्षौंदेखि जंगलमै रहन सक्दैन ।' त्यसैले डढेलोले नष्ट भएको हुन सक्ने उनले बताए ।

तर अहिले घाटगद्दीमा रहेको काठका लागि लिलाम प्रक्रियामा लगिएको डिभिजन प्रमुख घिमिरेले बताए । वन कार्यालयको स्वीकृति लिएर काटिएको ३ हजार ८ सय ६८ दशमलव ५२ क्युफिट काठ घाटगद्दीमा नभएकाले पनि बिक्री-वितरण गर्न नसकिएको उपभोक्ता समूहका अध्यक्ष गौतमले बताए । 'जंगलमा भएको १ हजार ४ सय २४ दशमलव ६८ क्युफिट काठ डढेलो र चोरी तस्करी भएर सकियो,' उनले भने, 'समूहलाई नै मुद्दा परेपछि रेखदेख गर्न पनि सकिएन, अदालतको आदेश भए पनि कानुनी प्रक्रिया पूरा गर्न समय लाग्ने भएको समयमै लीला बिक्री गर्न पनि सकिएन ।' स्थानीयले तुरुन्त प्रक्रिया पूरा गरी उपभोक्तालाई वितरण गर्न पटकपटक अनुरोध गरेका थिए । समयमै काम नहुँदा करोडौंको काठ सडेर राजस्वसमेत गुम्ने अवस्थामा पुगेको स्थानीयले बताए । यता काठ घाटगद्दीमा सडिँदै गएको छ भने सर्वसाधारण घरलगायतका संरचना बनाउन काठ अभाव भएपछि आल्मुनियम, ग्रिलको प्रयोग गर्दै आएका छन् । स्थानीय सविना कार्कीले भनिन्, 'घाटगद्दीमा भएको काठ प्रयोगमा नआउँदै सड्यो, उपभोक्ता महँगो मूल्य तिरेर आल्मुनियम र ग्रिल खरिद गर्दैछन् ।'

परिजिता बास्तोला अमेरिकी द भ्वाइसको तेस्रो चरणमा

झापा(प्रस) । अमेरिकाको मेरिल्याण्ड राज्यमा बस्दै आएकी १७ वर्षीया नेपाली मुलकी परिजिता बास्तोला अमेरिकी 'द भ्वाइस' को तेस्रो चरणमा प्रवेश गरेकी छिन । उनले अन्य तीन प्रतियोगीलाई पछि पार्दै तेस्रो चरणमा पुगेकी हुन् । द भ्वाइसले २२ औ संस्करणमा नयाँ ढाँचा अनुसार पहिलो पटक तीन वटा कलाकारहरुका पालैपालो गीत सुनेपछि हराउने चरण (नकआउट एपिसोड) सुरु गरेको छ ।

यस पटक प्रतिष्पर्धीले आफैले गीतहरू चयन गर्ने अवसर पाएका थिए । प्रस्तुतीपछि निर्णायकहरूले विजेता छनोट गर्दा परिजिता पनि परेकोले उनी तेस्रो चरणमा प्रवेश गरेकी हुन् । परिजिता बास्तोला अमेरिकामै जन्मेकी र दोस्रो पुस्ताकी उदीयमान गायिका हुन् ।

काम एउटै कर्मचारी थरीथरी

झापा(प्रस) ।स्थानीय तहमा एउटै प्रकृतिको कामका लागि पाँच प्रकृतिका कर्मचारी कार्यरत हुँदा त्यसको प्रत्यक्ष असर सेवा प्रवाहमा पर्ने गरेको छ ।
स्थानीय तहमा एकै प्रकृतिका एउटै कार्यकक्षमा एउटै टेबुल वरिपरि बसेर काम गर्ने कर्मचारीबीच सेवासुविधामा विभेद हुँदा त्यसको असर प्रत्यक्ष रूपमा सेवा प्रवाहमा परेको छ । स्थानीय

तहमा संघीय निजामती सेवाका कर्मचारी, प्रदेश सेवाका कर्मचारी, स्थानीय सेवा, विभिन्न परियोजना र करार सेवाका कर्मचारी कार्यरत छन् ।
कर्मचारीले प्रदान गर्ने सेवा र तह एउटै भएको तर सेवासुविधा फरक-फरक भएकाले कर्मचारीबीच काममा उत्प्रेरणा नहुँदा त्यसको असर सेवा प्रवाहमा पर्ने गरेको नेपाल नगरपालिका कर्मचारी एशोसिएसनले जनाएको छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANAMMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष प्राविधिक कार्य सफल हुनेछ । वित्तीय संस्थाबाट सहयोग पाइनेछ ।

वृष इष्टमित्रसँग भेटघाट गर्ने अवसर जुट्नेछ । कुनै कुराले मनमा उत्साह छाउनेछ ।

मिथुन आज नयाँ योजना, अवसर र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

कर्कट सामाजिक र राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता

सिंह कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । आर्थिक क्षेत्र सामान्य नै रहनेछ ।

कन्या सरकारी निकायबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा बाधा पनि आउनेछ ।

तुला आफन्तको प्रगतिले मन रमाउनेछ । सबै काम यथावत् रूपमा सम्पन्न हुँदै जानेछन्

वृश्चिक आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । पुनर्मिलनको योग पनि रहेको छ

धनु आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला ।

मकर आज सानातिना समस्यामा अल्झनुपर्नेछ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

कुम्भ दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । आँटेको र ताकेको कार्य पुरा होला ।

मिन वैदेशिक कार्य सम्पादनमा सहजता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।